म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- १०३ २०८० फागुन १९ गते शनिबार 2 March 2024, Saturday - पृष्ठ ४ मूल्य रु. ५/-

## जन्मदिनमा वेद विद्यालयलाई सहयोग

हेटौँडाः हेटौँडा-२ निवासी राधा पराजुलीले हेटौँडा-१० स्थित संस्कृत वेद विद्यालयलाई ५० हजार पाँच रुपैयाँमा सहयोग गर्नुभएको छ। जन्मदिनको अवसर पारेर पराजुलीले शुक्रबार ५० हजार पाँच सय रुपैयाँ सहयोग गर्नुभएको हो ।

सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत प्राप्त हुने ज्येष्ठ नागरिक भत्ता विद्यालयलाई हस्तान्तरण गरिएको पराजुलीको भनाइ छ । शुक्रबार विद्यालयमै पुगेर पराजुलीले विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रामकृष्ण थापालाई सहयोग रकम हस्तान्तरण गर्नुभयो । विद्यालयको भौतिक विकास तथा विविध कार्यक्रम सञ्चालन गर्न विद्यालयले अक्षयकोष खडा गरेको छ ।

# १२४ जनाको निःशुल्क आँखा शल्यक्रिया



समाज संवाददाता

हेटौंडाः हेटौंडा सामुदायिक आँखा अस्पतालले १ सय २४ जनाको निःशुल्क आँखाको शल्यक्रिया गरेको छ। अस्पतालले तीन दिने शिविरबाट पहिचान भएकामध्ये शुक्रबार एकसय २४ जना मोतिविन्दुका बिरामीको निःशुल्क शल्यक्रिया गरेको हो।

रोटरी क्लब अफ हेटौंडाले विभिन्न स्थानमा आयोजना गरेको निःशुल्क शिविरबाट २ सय ५ जनाको आँखामा मोतिविन्दु पहिचान भएको थियो। पहिचान भएकामध्ये शुक्रबार १ सय २४ जनाको शल्यक्रिया भएको हेटौंडा सामुदायिक आँखा अस्पतालका प्रमुख प्रशासक सुधीर श्रेष्ठले जानकारी दिनुभयो ।

चितवन जिल्लाको खैरहनी, सर्लाही जिल्ला र हेटौंडा उपमहानगरपालिका-१६ मा भएको शिविरबाट पहिचान भएका बिरामीको शल्यक्रिया गरिएको हो। कार्यक्रमको पहिलो दिन सर्लाही जिल्लामा निःशुल्क आँखा शिविर हुँदा ९९ जनामा मोतिविन्दु पहिचान भएको थियो। दोस्रो दिन चितवन जिल्लाको खैरहनी र हेटौंडा उपमहानगर पालिका-१६ मा निःशुल्क शिविर हुँदा ७३ जनाको आँखामा मोतिविन्दु पहिचान भएको थियो । यस्तै, तेस्रो दिन बाघमारा र हेटौंडा उपमहानगरपालिकाको बसामाडीमा निःशुल्क शिविर हुँदा ३३ जनाको आँखामा मोतिविन्दु पहिचान भएको हो । आज शनिबार आँखा अस्पतालमा बाघमारा र बसामाडीमा पहिचान भएका मोतिविन्दुका बिरामीको शल्यक्रिया गरिनेछ ।

# लागूऔषध नाइट्रोभेटसहित राई पक्राउ

समाज संवाददाता

हेटौंडाः पूर्व-पश्चिम राजमार्गअन्तर्गत् हेटौंडा-१५, रातामाटे चेकपोष्टबाट प्रहरीले लागूऔषध नाइट्रोभेटसहित एक जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा तेह्रथुम जिल्ला लालीगुराँस नगरपालिका-२ बस्ने २५ वर्षीय चरन राई रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ।

शुक्रबार बिहान २ बजेर ३० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गको रातोमाटेमा चेकिङ टोलीले धरानबाट काठमाडौंतर्फ जाँदै गरेको प्र १-०१-००१ ख ४१५२ नम्बरको यात्रुवाहक बसलाई रोकी सुरक्षाजाँच गर्दा बसमा सवार राईको साथबाट लागूऔषध नाइट्रोभेट २ फाइल (२० ट्याब्लेट) फेला पारेको थियो ।

लागूऔषध नाइट्रोभेटसहित राईलाई नियन्त्रणमा लिई थप अनुसन्धानको लागि जिल्ला प्रहरी कार्यालय मकवानपुर लगिएको र बसलाई गन्तव्यतर्फ पठाएको प्रहरीले जानकारी दिएको छ।

# चैत ९ गतेदेखि अन्तर वडास्तरीय फुटबल

समाज संवाददाता

हेटौंडाः हेटौंडामा आगामी चैत ९ गतेदेखि दोस्रो संस्करणको अन्तर वडास्तरीय १५ नम्बर वडाध्यक्ष कप फुटबल प्रतियोगिता हुने भएको छ। २८६० औं डुक ल्हो सोनाम ल्होछार (नयाँ वर्ष)को अवसरमा प्रतियोगिता हुन लागेको हो ।

प्रतियोगिता हेटौंडा उपमहानगर पालिका १५ नम्बर वडा खेलकुद विकास समितिको आयोजना तथा वडा कार्यालयको आर्थिक सहयोगमा हुनेछ । प्रतियोगिता हेटौंडा-६ स्थित गौरीटार रंगशामा हुने बताइएको छ ।

शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै वडा खेलकुद विकास समितिका अध्यक्ष गोविन्द नेगीले यो वर्ष हेटौंडा उपमहानगरपालिकाभित्रका १९ वटै वडाले सहभागिता जनाउन पाउने गरी प्रतियोगिताको आयोजना गर्न लागेको जानकारी दिनुभएको छ । पहिलो संस्करणको प्रतियोगिता वडास्तरीय ढंगबाट सञ्चालन गरेका कारणले सम्बन्धित वडाको टोलहरुमात्र सहभागी भएको कारणले गर्दा यस वर्षको प्रतियोगितामा १९ वटै वडालाई समावेश गराउने उद्देश्यले अन्तर वडास्तरीय नाममा प्रतियोगिताको आयोजना गर्न लागेको उहाँले बताउनुभयो ।

नकआउट प्रणालीमा सञ्चालन हुने प्रतियोगितामा उपमहानगरपालिकाका वडाहरुमात्र सहभागी हुने पाउने अध्यक्ष नेगीले बताउनुभयो। हेटौंडामा पनि फुटबल खेलको विकास गर्न, नयाँ खेलाडी उत्पादन गर्न, एक-अर्काबीच भातृत्व कायम गर्न प्रतियोगिताको आयोजना गर्न लागेको उहाँले बताउनुभयो । प्रतियोगितामा सहभागी जनाउनका लागि दर्ता शुल्क ५ हजार रुपैयाँ तोक्ने जनाइएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले १ लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रत्येक खेलको म्यान अफ द म्याच, उत्कृष्ट फरवार्ड, उत्कृष्ट मिडफिल्डर, उत्कृष्ट गोलरक्षक, उत्कृष्ट डिफेन्डर र सर्वोत्कृष्ट खेलाडीले समेत नगदसहित प्रमाणपत्र प्राप्त गर्नेछन्। प्रतियोगिता आयोजनाका लागि करिब ११ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

# हेटौंडा कपडा उद्योग चलाए व्यापार घाटा कम हुन्छः रक्षामन्त्री खड्का

काठमाडौंः उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्काले सैनिक कल्याणकारी कोषबाट लगानी गरेर हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने सन्दर्भमा अध्ययन र छलफल भइराखेको बताएका छन् । राष्ट्रियसभामा शून्य र विशेष समयमा सांसदहरुले उठाएका प्रश्नहरुको शुक्रबार जवाफ दिँदै उनले यस्तो बताएका हुन् ।

रक्षामन्त्री खड्काले भनेका छन्, 'सैनिक कल्याणकारी कोषबाट लगानी गरी हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने सन्दर्भमा अध्ययन, छलफल अगाडि बढिरहेको भएता पनि यस विषयमा नेपाल सरकार कुनै ठोस निर्णयमा पुगिनसकेको व्यहोरा जानकारी गराउन चाहन्छु।' सुरक्षा निकायका लागि पोशाक र बन्दोबस्तीको सामानमा आत्मनिर्भर बन्न सके व्यापार घाटा कम गर्न योगदान पुग्ने विश्वासमा भने नेपाल सरकार रहेको उनले बताए ।

उनले भने, 'नेपाली सेनालगायत सुरक्षा निकायका लागि आवश्यक पर्ने पोशाकलगायत बन्दोबस्तीको सामान ठूलो परिमाणमा आयात गरिरहनु परेको वर्तमान समयमा पोशाकलगायत बन्दोबस्त सामानमा नेपाली सेनालाई आत्मनिर्भर बनाउन सकिएमा बढ्दो व्यापार घाटा कम गर्नसमेत योगदान पुग्ने देखिन्छ ।' सरकारको नीति आत्मनिर्भर हुनेतिर रहेको पनि उनले बताए ।

उपप्रधानमन्त्री खड्काले भने, 'नेपाली सेनाको लागि आवश्यक बिस्फोटक पदार्थ, गोलीगट्ठा, लत्ताकपडालगायतका सामग्री उत्पादन गर्ने कारखानाको क्षमता अभिवृद्धि गर्ने, त्यस्ता सामग्रीमा क्रमशः आत्मनिर्भर बनाउँदै लैजाने नेपाल सरकारको नीति रहेको छ।' *(स्रोतः अनलाइनखबर)*

# दुई कम्पनीका ३ औषधि बिक्रीमा रोक

काठमाडौंः औषधि व्यवस्था विभागले लोमस फर्मास्युटिकल्स प्रालि र फर्माको इन्टस्ट्रिज् लिमिटेडद्वारा उत्पादित औषधि न्यून गुणस्तरको फेला पारेको छ। लोमस फर्मास्यूटिकल्स प्रालिबाट उत्पादित दुई प्रकारको औषधि न्यून गुणस्तरको फेला पारेको हो । विभागले एक महिनाको अन्तरालमा लोमसका चार प्रकारका औषधिमा न्यून गुणस्तरका भएको जनाएको छ ।

प्रयोगशाला परीक्षणका क्रममा लोमसबाट उत्पादित 'मेट्रो सस्पेन्सन' नामक मेट्रोनिडाजोल र 'हेल्माप्रेन' नामक अबलेन्डाजोल ४०० एमजी ट्याब्लेट न्यून गुणस्तरको पुष्टि भएको छ। न्यून गुणस्तरको पाइएपछि ती औषधि बिक्रीमा रोक लगाइएको विभागले जनाएको छ । 'मेट्रो सस्पेन्सन' नामक मेट्रोनिडाजोल औषधिको ब्याच नम्बर एमटीएस ०१२३ मा र 'हेल्माप्रेन' नामक अबलेन्डाजोल ४०० एमजी ट्याब्लेटको ब्याच नम्बर एचपी ०१२२ मा न्यून गुणस्तर पाइएको विभागले जनाएको छ।

यसैगरी, विभागले परीक्षणका क्रममा फर्माको इन्टस्ट्रिज लिमिटेडद्वारा उत्पादित 'मेट्रो पी' नामक मेट्रोनिडाजोल औषधि पनि न्यून गुणस्तरको भएको पुष्टि गरेको छ । सो औषधिको ब्याच नम्बर २२/०१ न्यून गुणस्तरीय पाइएपछि बिक्रीमा रोक लगाइएको विभागले जनाएको छ।

विभागका अनुसार, बजार अनुगमनपछि शंका लागेर ती औषधिको नमूना परीक्षण गरिएको थियो। बजारमा पठाइएका औषधि गुणस्तरहीन रहेको पुष्टि भएसँगै विभागले तत्काल फिर्ता गर्न निर्देशन दिएको छ । औषधि ऐन २०३५ को दफा १४ बमोजिम विभागले बिक्री वितरण रोक्का गरी फिर्ता गर्न निर्देशन दिएको हो। खराबी देखिएका ब्याचका औषधिहरु बजारमा बिक्री वितरण, सिफारिस र प्रयोगसमेत नगर्न सबैमा विभागले अनुरोध गरेको छ ।

उत्पादक कम्पनीलाई हाल बजारमा रहेको औषधि फिर्ता गरी सोको विवरण विभागमा बुझाउन निर्देशनसमेत दिएको छ। विभागले माघ तेस्रो र चौथो सातामा लोमस फार्मास्युटिकल्स प्रालिले उत्पादन गरेको ओएनओ सिरप र पारासिटामोल न्यून गुणस्तरको पाइएको भन्दै बिक्रीमा रोक लगाएको थियो। *(स्रोतः अनलाइनखबर)*

# बालजागृति बालमैत्री विद्यालय घोषणा हुँदै

समाज संवाददाता

हेटौंडाः बालजागृति इङ्गलिस सेकेण्डरी स्कूल 'बालमैत्री विद्यालय' घोषणा हुने भएको छ । विद्यालयले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दै फागुन २२ गते मंगलबार विद्यालयलाई 'बालमैत्री विद्यालय' घोषणा गरिने जानकारी दिएको हो ।

हेटौंडा उपमहानगरपालिकाले बालमैत्री विद्यालय घोषणाका लागि तयार विभिन्न सूचक पूरा भएकाले बालमैत्री घोषणा गर्न लागेको हो । उपमहानगर पालिकाले विद्यालयमा बाल समूहको बैठक नियमित बस्नुपर्ने, विद्यालयमा बालमैत्री आचारसंहिताबारे महिनाको एक दिन एक घण्टा विद्यार्थीसँग छलफल हुनुपर्ने, विद्यालयले बालसंरक्षण नीति बनाई सार्वजनिक गरी कार्यान्वयन गर्नुपर्ने, विद्यालयमा विद्यार्थीलाई विपद् पूर्वव्यवस्थापन सम्बन्धी अतिरिक्त सत्र सञ्चालन गर्नेजस्ता २० वटा कार्य पूरा गर्नुपर्ने भनेकोमा विद्यालयले उक्त कार्य पूरा गरेको जनाइएको हो ।

हेटौंडा उपमहानगरपालिकाले बालमैत्री स्थानीय तह घोषणा गर्ने तयारीका साथ अघि बढेको छ। जसअन्तर्गत् विभिन्न वडा, विद्यालयले आफ्नो सूचक पूरा गरी घोषणाको चरणमा रहेको छ ।

कक्षा १० सम्म अध्यापन हुने बालजागृति स्कूलमा एक हजार ५ सय ३४ विद्यार्थी अध्ययनरत रहेका छन् । स्कूलले विद्यालयमा अध्यनरत सम्पूर्ण विद्यार्थीको बिमासमेत गरेको छ । जसअन्तर्गत् विद्यार्थीमा भवितव्यका घटना घटेमा उक्त बिमाबाट सेवा लिन सकिनेसमेत विद्यालयले जनाएको छ ।

विद्यालयले बालमैत्री विद्यालय घोषणा कार्यक्रमको दिन बिहान विद्यार्थीको स्वास्थ्य चेकजाँच गर्ने, विद्यालयले विभिन्न बाजासहितको र्‍याली निकाली विद्यालय परिसरमा एक समारोहको अयोजना गर्नेछ । कार्यक्रममा वडामा रहेका २१ वटा टोल विकास संस्थाहरुसमेत उपस्थित हुनेछन् ।

कार्यक्रममा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विष्णुप्रसाद भण्डारीको सभाध्यक्षता तथा २ नम्बर वडा कार्यालयका कार्यबाहक अध्यक्ष सुरज बर्तौलाको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा वडा सदस्य मैया परियार, वडा सदस्य इन्द्रप्रसाद रिजाल, विद्यालयका प्रिन्सिपल विनोद सुवेदी, बाल सहजकर्ता राहुल शर्मा र बाल समूहका अध्यक्ष कृसाङ्गी अर्यालको आतिथ्य रहेको थियो ।

# लागूऔषध अफिमसहित थिङ पक्राउ

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१९, नेवारपानीबाट प्रहरीले लागूऔषध अफिमसहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा मनहरी गाउँपालिका-३, हाँडीखोला बस्ने ५० वर्षीय मोहनराज थिङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। बिहीबार राति ८ बजेको समयमा इलाका प्रहरी कार्यालय नेवारपानीबाट विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले हिँडिरहेको अवस्थामा थिङलाई सुरक्षा जाँच गर्दा लागूऔषध अफिम ६ ग्राम फेला पारेको थियो । लागूऔषध अफिमसहित थिङलाई नियन्त्रणमा लिई जिल्ला प्रहरी कार्यालय मकवानपुर लगिएको प्रहरीले जानकारी दिएको छ।

डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।

सुख्खा तथा हावाहूरीको मौसममा आगोको सानो झिल्कोले वन जंगलमा डढेँलो फैलिन गई वन, वन्यजन्तु र मानवीय क्षति समेत पुऱ्याउन सक्ने हुँदा डढेँलो लाग्नबाट जोगाउन विशेष सावधानी अपनाऔं ।

डिभिजन वन कार्यालय, मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

# महिला हिंसा



**अनुष्का बानियाँ**

थियो शान नारी गयो अपमान गरी
भयो दुष्ट दृष्टि बिग्रियो सबै सृष्टि
नारीले नै टेकाइन् यस सुन्दर धर्ती
गहना हुन् हाम्रो चम्किलो टलक राम्रो

भयो थुप्रै अन्याय उठेन कुनै आवाज
खपे दुःख धेरै पाएनन् अझै न्याय
जप्छन् जहिल्यै भगवान् तर छैन शुद्ध मन
आफ्नैमा हुन्न भर खोज्छन् नारी कता जाऊँ

अपराध गर्दै हिँड्छन् बनाई शिर ठाडो
हेर्न मन छ लगाएको हत्कडी ती हातमा
थाहा छैन के हो नेपालको नियम कानून
लुकाउँछन् अपराधी भई तिनीहरुकै साथमा

*कक्षा ९, नवोदय शिशु सदन*

# समाज



**मेरिना श्रीवास्तव**


एउटै समाज धेरै मानिस
छन् यहाँ धेरै धर्म
जात धर्म फरक फरक
छन् यहाँ आआफ्नै मर्म

एउटै समाज परिवेश
एउटै भाषा भेष
हामी सबै नेपाली हौं
नेपाल हाम्रो देश

कोही छैन ठूलो अनि
कोही छैन सानो
सबै मान्छे समान छौं
खाने एकै मानो

*कक्षा ६, नवोदय शिशु सदन*

# युवाको उडान




**सरोजप्रसाद साह**

केहि गरुँ तडप छ यो, नसा पनि गजब छ यो !
मनको युद्ध विराट छ, प्यास त अलग छ यो !!
छैन दाग चरित्रमा, घमण्डमा त समय छ यो !!!
छैन दोष आँखामा, कालो त समय छ यो !!!




यदि सत्यता छ लक्ष्यमा, गर तयारी उडानको !
लगा धार औजारमा, कोर रेखा इतिहासको !!
यदि शक्ति छ सङ्कल्पमा, चलाउ तिर कर्मको !!!
सिकार गर आलश्यको, पुकार गर विश्वासको !!!



कालको
याद राख समय-चक्र, विजय छ मैदानमा !!
सस्तो छैन जीत कुनै, दाङ छ अन्तिम नेत्रमा !!!
डर भगाञ भित्रको, प्रहार गर विजयनेत्रमा !!!!




छिन्नुपर्छ जगमा यो, हकको सफलतालाई !
चिन्नुपर्छ कल्युगमा यो, मानवरुपी दनवलाई !!
प्रहार गर जरामा यो, डाँकाको बजारलाई !!!
उठाङ शस्त्र यहि समय छ, अन्तिम बाण चलाउनलाई !!!!



मनाउ उत्सव सफलताको, अब तिम्रो उडान छ !
नचाउ काल नक्षत्रलाई, नक्षत्रलाई, अब शिखर जवान छ !!
समर्पण गर ज्ञानलाई, अब यो देशको श्रृगार छ !!!
तयार होङ मेटिनलाई, यहि प्रकृतिको संविधान छ !!!!

# गजल
# म आएँ



**हिमोढ पहाडी**

जलायौ मलाई जलेरै म आएँ
तिमीमा हराई गलेरै म आएँ

बिहानै उदायौ झरीमा भिजेरै
मनैमा पियारी बलेरै म आएँ

अभागी भएरै म रोएँ झरी झैँ
भिजाई परेली ढलेरै म आएँ

अधर्मा चुमेको तिमीमा बिलाई
तमासा बनायौ छलेरै म आएँ

म बोकेर आशा मनै भित्र सानू
पियारी समीपै खलेरै म आएँ ।

# मेरो अधुरो सपना



**जेनिशा अधिकारी**

यती धेरै अधुरो भो कि मेरा ती सपना,
कति खुशी हुन्थिए होला म भए ती सबै बिपना ।।

बिपना त का हुन्थ्यो र अधुरो भइसकेको मेरो सपना,
साथीले नी भन्न थालिसके पूरा हुन्न तेरो सपना ।।

म जस्तै सपना बोकेर आजकल कति भौतारिन्छन् होला,
भनेको सुन्थे तर मैले फर्की आयो रे बगिसकेको खोला ।।

म पनि कस्तो भएको म त अगाडि बढ्नुपर्छ
शुरुमा सपना पूरा गर्ने हैन म त पढ्नु पर्छ ।।

*कक्षा-४, ब्रह्मदिक एकेडेमी, हेटौँडा-४*

# मामा



**कल्याण पन्त**

विदेशमा श्रीमान् गएदेखि नै सुनिता सहर पसिन् र छोरालाई नर्सरीमा भर्ना गरिन् ।

'मम्मी ! मम्मी ! हाम्रो कोठामा आइरहने मान्छे को हो ?'

'मामा हो बाबु !' सुनिताले छोरालाई सम्झाइन् ।

'त्यसो भए मलाई राम्रो नाना ल्याइदिन भन्नुस् न ।'

धत् लाटा ! मामालाई पनि त्यसो भन्नुहुन्छ !'

पन्ध्र दिनपछि एक युवा सुनितालाई भेट्न आइपुगे । उनले सुनिताको खुट्टामै ढारुंगे । बच्चाको अगिल्तिर टोपी, चश्मा, घडी राखिदिए । ८ वर्षपछि विदेशबाट आएका ती युवक बच्चासित खेल्न थाले ।

त्यत्तिखेरै मोबाइल बज्यो । सुनिताले स्विच अफ गरिन् ।


'अंकल अंकल'!!' बच्चाले युवकलाई कोट्याउँदै भन्न खोज्यो ।

'म त मामा हुँ नि, भान्जा !' युवकले सम्झाए ।

'अँ ! हाम्रो मामा त अर्कै हुनुहुन्छ, हाम्रो मामाले त मम्मीलाई फोन पनि गरिरहनुहुन्छ ।' बच्चाले लेग्रो तान्दै भन्यो ।

'जे पायो त्यही भन्छन्, मामालाई '!' सुनिताले बच्चालाई झम्टिइन् ।

# रमाउन पाऊँ



**ममता अधिकारी**

हराएर तिम्रा शब्दमा रमाउन पाऊँ
बनाएर तिम्रो दिलमा घर जमाउन पाऊँ

पैसा वस्तु जे कमाए नि सकिन्छ छिट्टै
कहिल्यै नसकिने माया कमाउन पाऊँ

उकालो ओरालो जिन्दगीको यात्रा नै हो
जस्तो बाटो भए नि तिम्रो हात समाउन पाऊँ ।

# चित्रकला






दिपासना थापा
कक्षाः- १०, जिएस निकेतन, हेटौँडा-५





सुयोग श्रेष्ठ
कक्षाः- ४, ब्रम्हदिक् एकेडेमी, हेटौँडा-४






ह्युलसाङ्ग तामाङ
कक्षा-४, निर्मल मावि, हेटौँडा-१९,
मकवानपुर

## टुक्का



कृष्ण कुमार वैद्य

हात्ती ठूलो भएपनि माउतेले तहलाउँछ,
माउतेको फेला नपरून्जेल लहलहाउँछ ।

रकेट बर्साउँछ भोको पेट र रित्तो थालमा,
रक्तपिपासु खुस हुन्छ रगतको आहालमा ।

राम्रो पुस्तक बुझ्न गाह्रो हुन्छ हरेस नखानु,
पुस्तकबाट सिकेको शिक्षा व्यवहारमा लानु ।

राम्रो पुस्तक अध्ययनले तेस्रो आँखा खुल्छ,
जिन्दगीको फूलबारीमा बास्नादार पुष्प फुल्छ ।

कुराले टिपेर दिन्छन् सहजै आकाशको तारा,
सधैँको भोलि थपाथप भाखा कुरौटेको पारा ।

भाँडभैलो भयो है हजुर दशैँ तिहार पर्व,
गरिरहे नाफाखोर जत्था कमाउनुमै गर्व ।

निरुत्साह भएर कहिल्यै नबस्नु लड्दा खेरि,
सकिँदैन लड्दैमा जीवन उठ्नु छँदैछ फेरि ।

नियत हो कि नियति हो अवसर नपाउनु,
भेडाच्याङ्ग्रा भित्रिन्छन् बरू युवालाई धपाउनु ।

शासक पठाउँछन् बनाइ विदेश सस्ता ज्यामी,
यस्तो पाराले उँभो लाग्दै लाग्दैन नेपाली हामी ।

संस्कृतिमा नगर्नु है भेद मित्रभाव जगाऔँ,
सद्भावना भड्काउन आए घोक्रेठ्याक लगाऔँ ।

चाडपर्व आउँछन् अनेक मितव्ययी बनाऔँ,
दशा लाग्ला जथाभावी गर्दा सभ्यभइ मनाऔँ ।

*बनेपा-९, काभ्रे*

## गजल



उर्मिला नेपाली

सहयात्रा गर्न सक्दैनौ भने बीच बाटोमै छोडिदिनु
सँगै जिउने कसम तिम्रो त्यति बेलैमा तोडिदिनु

याद पक्कै आउँछ होला परिचय भएपछि
सम्झनाका लागि एउटा छोटो पत्र कोरिदिनु

जिन्दगीको कुनै मोडमा भेट पक्कै हुन्छ होला
नदेखे झैं गरी तिमीले पाइला अन्तै मोडिदिनु

कल्पना नै छैन मलाई यो जिन्दगी तिमी बिना
एक्लै बाँच्न सक्छौ भने प्राण मेरो चोरी दिनु

*बागमती-४*

## गाउँखाने कथा

१. वारी भऱ्याङ पारी भऱ्याङ बीचमा छ करङ, त्यो करङमा टेकेपछि गर्छ हर्लङ्ग–हर्लङ्ग ।
- झोलुङ्गे पुल ।

२. बेसी कुलो लेकमा खेत, कतातिर टुप्पो कतातिर फेद ।
- इन्द्रेणी

३. पुड्के बाहुनको सुर्के चन्दन ।
- मास

४. पूर्वमा दाजु, पश्चिममा भाइ, बस्छन् दुवैजना भेट्न नपाई ।
- घाम र जुन

५. पींध सुकेको, घाँटी लुकेको, पेट फुकेको ।
- करुवा

## मेरो प्यारो जन्मभूमि प्राण भन्दा प्यारो



लमिना जिम्बा

मेरो प्यारो जन्मभूमि प्राण भन्दा प्यारो,
उता जाऊ यता आउ, जन्मभूमि नै प्यारो ।।

लाग्छ मलाई जन्मभूमि आमा जस्तै प्यारो,
अरुको होइन मलाई माया आफ्नै आमा प्यारो

मेरो प्यारो जन्मभूमि आमा जस्तै प्यारो
उता जाऊ यता आउ, जन्मभूमि नै प्यारो ।।

आमा भन्छिन् "गर नानी आफ्नै देशमा काम,
अरु देशको होइन नानी आफ्नै देशको कमाऊ नाम

अरु देशमा होइन हामीले आफ्नै देशमा गरौं काम,
आफ्नो देशको विकास गरी कमाऊ देशको नाम ।।

मेरो प्यारो जन्मभूमि प्राण भन्दा प्यारो,
उता जाऊ यता आउ, जन्मभूमि नै प्यारो ।।

थाहा छैन कहिले मर्छौं कहिलेसम्म बाँच्छौं हामी,
जबसम्म जिउँदो हामी तबसम्म नछोडौं देशको साथ कहिले पनि ।।

मेरो प्यारो जन्मभूमि प्राण भन्दा प्यारो,
उता जाऊ यता आउ, जन्मभूमि नै प्यारो ।।

नचाहँदा नचाहँदै हुन्छन् मानिसहरु पराई,
आखिर फेरी फर्कन्छन् हेर्न नेपालको हिमाल, पहाड, तराई ।।

*कक्षा-४, ब्रम्हादिक एकेडेमी, हेटौंडा-४*

## सताको राशिफल

पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५



**मेष राशि:** भावना साटासाट गर्ने समय योग छ । कामको चाप र थकाइ बढ्ने समय छ । आनन्द र राम रमाइलोमा समय व्यतित होला । धार्मिक यात्रा योगमा सरिक भइने छ । सामाजिक र परोपकारजन्य काममा सरिक भइने छ । व्यापार–व्यवसाय मध्यम छ । घुमघाममा रमाइने छ । लक्ष्यप्रति पुग्न अझै थप परिश्रम गर्नुपर्ला ।

**वृष राशि:** आत्मबल र हौसला प्राप्त हुनेछ । हक र अधिकार प्राप्तिको कुरा उठ्ला । बलबुताले केही काम सम्पादन होला । बन्दव्यापारको लागि यात्रा हुने सक्ने समय छ । वैदेशिक प्रयोजनका काममा लाभ हुन सक्छ । ईर्ष्या गर्नेहरु नवमस्तक बन्लान् । घमण्डका कारण केही समस्याहरु आइपर्लान् । धार्मिक यात्रा योगमा सरिक भइने छ ।

**मिथुन राशि:** ज्ञान र बुद्धिको उपयोगले लक्ष्य प्राप्ति होला । बोलीका कारण आफन्तहरु नजिक होलान् । राज्यपक्षको काममा सफलता पाइएला । अनुयायीहरु खुशी होलान् । प्रेमभावमा वृद्धि होला । परीक्षा र प्रतिस्पर्धाका काममा सफलता प्राप्त हुनेछ । कर्मक्षेत्रको परिश्रम फलदायी होला । धार्मिक र सामाजिक काममा सरिक भइने छ ।

**कर्कट राशि:** आक्रामक व्यवहारले हानी पुग्ने योग छ । व्यापार–व्यवसायका काममा दौडधूप होला । प्रशासनिक कामकाजमा नैराश्यता आउला । मानसिक उल्झनले तनाब बढ्न सक्छ । अध्ययन–अध्यापनका कामहरु मध्यमकारक रहलान् । परोपकारजन्य र आध्यात्मिक क्रियाकलापमा सरिक भइने समय योग छ ।

**सिंह राशि:** व्यवहारिक र सामाजिक जिम्मेवारी थपिने समय योग छ । मान्यजनको काममा समय व्यतित होला । घरायसी समस्या र कार्यक्षेत्रमा चाप बढ्ला । पराक्रम र उत्साहमा वृद्धि हुनेछ । पहिचान र प्रसिद्धि बढ्ला । बन्दव्यापार र रोजगारीबाट फाइदा होला । धार्मिक कृत्यमा सरिक भइने समय योग छ ।

**कन्या राशि:** योजनाहरु गोप्य राख्दा राम्रो रहला । कार्यक्षेत्रमा विशेष महत्वको दिन हुने छ । मानसम्मान बढ्ने समय छ । बोलीले काम पूर्ण होला । तर्क र विवादमा विजय प्राप्त होला । सम्बन्धमा आघात पुग्न सक्ने छ । व्यापार–व्यवसायमा बढोत्तरी होला । पढाइ–लेखाइ ठिकै खालको रहेको छ । मानसिक सबलताले काम गर्ला । आध्यात्मिक चेतको विकास हुने समय छ ।

**तुला राशि:** धार्मिक/आध्यात्मिक क्रियाकलापमा समय व्यतित हुन सक्ने छ । परोपकारी र असहाय वा गरीब गुरुवाको सेवामा समर्पित भइने समय छ । माङ्गलिक कृत्यमा सरिक भइने समय योग छ । कलात्मक भावनाको विकास होला । पढाइ–लेखाइ ठिकै छ । व्यापार–व्यवसाय मध्यमकारक मान्नुपर्दछ ।

**वृश्चिक राशि:** परिबन्ध र बाध्यतामा खर्च होला । मान– सम्मानमा वृद्धि । जिम्मेवारीप्रति कमी आउला । व्यापार–व्यवसाय मध्यमकारक रहनेछ । कर्तव्य र जिम्मेवारीप्रति सचेत हुनुपर्ला । व्यस्तता र दौडधूपमा समय व्यतित होला । पठनपाठनको क्षेत्र मध्यम छ । धार्मिक कृत्यमा सरिक भइने छ ।

**धनु राशि:** जिम्मेवारी थपिने समय छ । सोच र बुद्धिको उपयोग गर्ने समयको योग छ । बौद्धिक र प्राविधिक क्षमताको विकास हुने छ । नयाँ कार्य र रोजगारीको अवसर मिल्ला । सहानुभूति र आशीर्वादले काममा पूर्णता होला । व्यापार–व्यवसाय ठिकै रहला । वैदेशिक रोजगारी ठिकै छ । धार्मिक यात्रामा सरिक भइने समयको योग छ ।

**मकर राशि:** व्यक्तित्व, प्रतिष्ठा र कार्यक्षमतामा वृद्धि होला । मातापिताको स्वास्थ्य स्थितिमा सुधार आउला । महंगो उपकरणको खरिद बिक्री होला । कर्तव्यप्रति सचेत हुने समय छ । समाजसेवा र धार्मिक कार्यमा सरिक भइने समयको योग छ । व्यापार–व्यवसाय मध्यम छ । लगनशीलताले पुरस्कार र मान बढ्ला ।

**कुम्भ राशि:** सहयोगी भावना बढ्ला । व्यवसायी लागि मध्यमकारक छ । अड्किएका कामहरु सम्पादन होला । स्वास्थ्य समस्या समाधान होला । अचानक वैवाहिक बन्धनले छोड्ने छैन ।अध्ययन–अध्यापन मध्यमकारक रहला । सामाजिक तथा धार्मिक र परोपकारजन्य काममा सरिक भइने समय छ ।

**मीन राशि:** समय संघर्षकारक नै छ । कामबाट भने लाभ प्राप्त होला । लेनदेनका काममा दबाब बढ्न सक्छ । गोपनियताले काम गर्दा राम्रा होला । अनावश्यक भय त्रास सिर्जना हुन सक्छ । धार्मिक कृत्यले मन शान्त होला । अध्ययन–अध्यापनमा सफलता छ । अरुका कुरा सुन्दा लाभ हुने छ ।


श्री जनक माध्यमिक विद्यालय, आमभञ्ज्याङ्ग

मकवानपुरगढी-६, मकवानपुर

**शिक्षक आवश्यकता**

*पहिलो पटक सूचना प्रकाशित मिति २०८०/११/१८ गते*

उपर्युक्त सम्बन्धमा शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुरको च.नं. ११४७, मिति २०८०/११/१६ को पदपूर्ति अनुमति पत्र र यस विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/११/१७ को निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको माध्यमिक तह नेपाली विषयको राहत अनुदान कोटामा एक जना शिक्षक आवश्यक रहेको हुँदा ईच्छुक योग्य नेपाली नागरिकहरुबाट तपशील बमोजिम दरखास्त आव्हान गरिन्छ ।

**तपशील**

१. विज्ञापन नं. : १/०८०/०८१
२. तह : नेपाली (राहत अनुदान कोटा)
३. उमेर : १८ बर्ष ४० बर्ष ननाघेको
४. न्यूनतम शैक्षिक योग्यता : स्नातक वा सो सरह
५. परीक्षाको किसिम : लिखित, मौखिक, आवश्यक परेमा कक्षा अवलोकन
६. सेवा सुविधा : नेपाल सरकारको नियमानुसार
७. दरखास्त दस्तुर : रु २०००/- (नबिल बैंक लि.चल्ती खाता नं. २२१०१०१७५००२९२ मा रकम जम्मा गर्नुपर्ने छ ।)
८. दरखास्त दिने अन्तिम मिति : २०८०/१२/०३ गते विद्यालय समयसम्म
९. सम्पर्क मिति : २०८०/१२/०५
१०.परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइने छ ।

**११. आवश्यक कागजातहरू:**
क) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि-२ थान
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि-२ थान
ग) अध्यापन अनुमति पत्रको प्रतिलिपि-२ थान
घ) शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपि-२ थान
ङ) अन्य अनुभव भएमा सो प्रमाणपत्रको प्रतिलिपि-२ थान
च) हस्त लिखित निवेदन-१ प्रति
छ) रकम जम्मा गरेको भौचर-१ प्रति

**नोट:** शिक्षक सेवा आयोगबाट लिएको परीक्षाको करार सूचीमा सूचीकृतको हकमा योग्यताक्रमको आधारमा
विज्ञापन भएको मितिले ७ (सात)दिन सम्ममा मात्र नियुक्त गरिने छ ।

**सम्पर्क नं. ९८४५५९९८७७ (प्रधानाध्यापक), ९८६५४२३१९९ (वि.व्य.स. अध्यक्ष)**



**शिक्षक आवश्यकता**

*(प्रथम पटक प्रकाशित मिति: २०८०।११।१९)*

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरको प.स. २०७९/०८० च.नं. ११२६, मिति २०८०/११/१० को पदपूर्ति अनुमति पत्र र यस विद्यालयको व्यवस्थापन समितिको मिति २०८०/११/१२ को बैठकको निर्णय अनुसार यस विद्यालयमा रिक्त रहेको प्रा.वि. तह राहत अनुदान कोटामा १ (एक) जना शिक्षक आवश्यकता रहेको हुँदा ईच्छुक योग्यता पुगेको नेपाली नागरिकबाट तपशिल बमोजिम दरखास्त आव्हान् गरिन्छ ।

**तपशिल**

**१. विज्ञापन नं. : ०१/२०८०/२०८१**
२. तह: प्राथमिक (राहत अनुदान कोटा)
३. उमेर: १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
४.न्युनतम शैक्षिक योग्यता: १०+२ वा सो सरह
५. परीक्षाको किसिम: लिखित, मौखिक आवश्यक परेमा कक्षा अवलोकन
६. सेवा सुविधा: नेपाल सरकारको नियम अनुसार
७.दरखास्त दस्तुर: १५००।– (नबिल बैंक लि.चल्ती खाता नं. २२१०१०१७५००२८८ मा रकम जम्मा गर्नुपर्ने छ ।)
८. दरखास्त दिने अन्तिम मिति: २०८०/१२/३ गते विद्यालय समय सम्म
९. सम्पर्क मिति: २०८०/१२/५ गते
१०. परीक्षा मिति: सम्पर्क मितिमा जानकारी गराईने छ ।


**११. आवश्यक कागजातहरू:**
क) शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपि -२ थान
ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि -२ थान
ग) अध्यापन अनुमति पत्रको प्रतिलिपि -२ थान
घ) शिक्षण अनुभवको प्रमाणपत्रको प्रतिलिपि -२ थान
ङ) अन्य अनुभव भएमा सो प्रमाणपत्रको प्रतिलिपि -२ थान
च) हस्तलिखित निवेदन -१ प्रति
छ) रकम जम्मा गरेको भौचर -१ प्रति

नोट: शिक्षक सेवा आयोगबाट लिएको परीक्षाको करार सूचीमा भएका उमेदवारलाई विज्ञापन भएको मितिले ७ दिन भित्रमा निवेदन पर्न आएमा योग्यता क्रमको आधारमा विद्यालय व्यवस्थापन समितिको निर्णय बमोजिम छनोट गरी नियुक्ति दिइनेछ ।

**सम्पर्क नं.- ९८५५०१६३७४ (प्रधानाध्यापक), ९८६०४७५६७५ (वि.व्य.स. अध्यक्ष)**

**श्री जालपादेवी माध्यमिक विद्यालय**

**मकवानपुरगढी -६, डुम्रेकुना**

## बुधबारे बालसाहित्य विशेषबारे

यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।

**सम्पादक ।**







# प्रदेशस्तरीय प्रतियोगिताको बन्द प्रशिक्षण चल्दै

समाज संवाददाता

हेटौंडाः आगामी सोमबार र मंगलबार चितवन जिल्लामा हुन लागेको १४ औँ संस्करणको बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा छनोट भएका खेलाडीहरुका लागि हेटौंडामा बन्द प्रशिक्षण भइरहेको छ। आइतबारबाट सुरु भएको बन्द प्रशिक्षण आज शनिबारसम्म सञ्चालन हुनेछ।

मकवानपुर जिल्ला खेलकुद विकास समितिको आयोजनामा बन्द प्रशिक्षण भइरहेको हो। प्रशिक्षणमा एथलेटिक्स, कराँते, तेक्वान्दो, उसु, कबड्डीलगायत खेलका करिब ९८ जना खेलाडी सहभागी भएका छन्। बन्द प्रशिक्षणमा हेटौंडा उपमहानगरपालिका, बागमती गाउँपालिका, कैलाश गाउँपालिका, राक्सिराङ गाउँपालिकाका खेलाडीहरु सहभागी भएका छन्।

खेलाडीलाई बिहान ७ बजेदेखि ९ बजेसम्म र बेलुका ४ बजेदेखि ६ बजेसम्म सम्बन्धित खेलका प्रशिक्षकले प्रशिक्षण दिइरहेका छन्। जिल्ला खेलकुद विकास समितिका अध्यक्ष वेश खड्गीको नेतृत्वमा प्रशिक्षण भइरहेको हो।

एथ्लेटिक्सतर्फ महिला र पुरुष गरी प्रदेशस्तरीय प्रतियोगिताका लागि १० जना खेलाडीहरु छनोट भएका छन्। १४ औँ जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट छनोट भएका खेलाडीहरुलाई रञ्जिता फुयाँलले प्रशिक्षण दिइरहनुभएको छ। एथ्लेटिक्समा पुरुषतर्फ हेटौंडा उपमहानगरपालिकाका सुमित राई, सुविन भोलन र जिकेश सापकोटा छन्। यस्तै, बकैया गाउँपालिकाका सचिन थिङ र बागमती गाउँपालिकाका आगमन राई पनि प्रशिक्षणमा सहभागी छन्। महिलातर्फ इन्द्रसरोवर गाउँपालिकाका सुस्मिता राई, बागमती गाउँपालिकाका मुनु राई, थाहा नगरपालिकाका दिना गोपाली, कैलाश गाउँपालिकाका गोमा बर्तौला र भीमफेदी गाउँपालिकाका स्नेहा तितुङ रहेका छन्।



गतवर्षको प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा एथ्लेटिक्समा मकवानपुरले ६ वटा स्वर्ण पदक प्राप्त गरेको थियो। एथ्लेटिक्सका प्रशिक्षक फुयाँलले एथ्लेटिक्स विधामा मकवानपुरको वर्चश्व कायम राख्न प्रशिक्षण दिएको बताउनुभयो। फुयाँलले मकवानपुर जिल्लाको प्रतिनिधित्व गरेर एथ्लेटिक्समा ५ पटक उत्कृष्ट खेलाडी बन्न सफल हुनुभएको छ।

प्रशिक्षणमा उसुका १२ जना खेलाडी सहभागी छन्। उसुको फाइटतर्फ सान्सो विधामा ४२, ४५ र ४८ केजी तौल समूहका खेलाडीबीच प्रतिस्पर्धा हुनेछ। जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट प्रदेशस्तरीय उसु प्रतियोगितामा सहभागी हुनेमा छात्रतर्फ आनन्दम थिङ, बुद्धसागर भोलन, विशेष थापा, शीतल थिङ, सञ्जयराज दहाल र ऋषव खतिवडा रहेका छन् भने छात्रातर्फ संगम मोक्तान, मनिषा विक, सुनिता लामा, आयुष्मा तामाङ, जेनिशा गुरुङ र अविश्मा पाठक रहेकी छिन्।

मकवानपुरको अरु पालिकामा उसु खेल नभएका कारण प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने सबै खेलाडी हेटौंडाका छन्। मकवानपुर जिल्लाबाट उसु प्रतियोगितामा सहभागी हुने ६ जना खेलाडीमध्ये ३ जनाले कास्य पदक प्राप्त गरेको मकवानपुर जिल्लाका उसु प्रशिक्षक विमल थापा मगरले जानकारी दिनुभएको छ। यस वर्षको प्रदेशस्तरीय उसु प्रतियोगितामा सबै नयाँ खेलाडीहरु सहभागी हुन लागेको उहाँले बताउनुभयो। आफूले दिएको प्रशिक्षण र खेलाडीहरुको प्रदर्शनीअनुसार खेलाडीहरुबाट राम्रै अपेक्षा गरिएको उहाँले बताउनुभयो।

यस्तै, तेक्वान्दोतर्फ पनि १२ जना खेलाडीहरु सहभागी हुने भएका छन्। तेक्वान्दोको प्रदेशस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडीहरुलाई जनज्योति डोजाङका प्रशिक्षक बिमल विकले हेटौंडा-४ स्थित हुप्रचौरमा प्रशिक्षण दिइरहनुभएको छ।

गत वर्षको तुलनामा यस वर्षको प्रदेशस्तरीय प्रतियोगितामा राम्रो नतिजा ल्याउने अपेक्षा गरिएको छ। तेक्वान्दोको छात्रतर्फ जिदान भोम्जन, प्रवीण घले, अरविन घले, सुकलाल पाखिन, विराज माझी र आदित्य पराजुली रहेका छन् भने छात्रातर्फ श्रेया अधिकारी, पूर्णिमा स्याङ्तान, कविन राई, अनिशा बिक, समीक्षा नेगी र एलिना लामा रहेकी छिन्।

कराँतेतर्फबाट छनोट हुने खेलाडीहरुलाई आइएसएफ मान्यता प्राप्त अन्तर्राष्ट्रिय प्रशिक्षक र राष्ट्रिय प्रशिक्षक मुकुन्दमान श्रेष्ठले प्रशिक्षण दिइरहनुभएको छ। कराँते प्रतियोगितामा छात्रतर्फ करुण गमाल, विराज स्याङ्तान, राज भोलन, यस नेपाल र आयुष स्याङ्तान रहेका छन्। छात्रातर्फ सुशीला श्रेष्ठ, अनुस्का लोप्चन, सुस्मिता दोङ, प्रमिला थिङ, डोल्मा भोम्जन र रसुना गोङ्बा रहेका छन्।

यस्तै, जिल्लास्तरीय प्रतियोगिताबाट प्रदेशस्तरीय प्रतियोगितामा कबड्डीका १० जना महिला र १० जना पुरुष गरी २० जना खेलाडीहरु बन्द प्रशिक्षणमा सहभागी भएका छन्। हेटौंडाको बहुउद्देश्यीय कभर्ड हलमा सुमन नेपालीलगायतले खेलाडीहरुलाई प्रशिक्षण दिइरहेका छन्। कबड्डीमा पुरुषतर्फ थाहा नगरपालिकाका सञ्जय केसी, अरुण बल, निश्चल थापा, अञ्जन गुरुङ, धिरन राय, राजकिशोर दास, राजकुमार पण्डित, विराज विक, रोहनकुमार यादव र दीक्षित कार्की रहेका छन्। महिलातर्फ निश्कला विष्ट, नीरमाया थिङ, आशा तामाङ, सुनिता तामाङ, जिया स्याङ्तान, सलिना बलामी, उर्मिलामाया स्याङ्तान, इशानी विश्वकर्मा, रवनी दर्लामी, शान्ति थिङ र सलिना मगर रहेकी छिन्।

# सिद्धार्थ डोजाङस्तरीय तेक्वान्दो प्रतियोगिता सम्पन्न



समाज संवाददाता

हेटौंडाः हेटौंडा-२ स्थित सिद्धार्थ तेक्वान्दो डोजाङको आयोजनामा एकदिने डोजाङस्तरीय तेक्वान्दो प्रतियोगिता शुक्रबार सम्पन्न भएको छ। प्रतियोगितामा महिलातर्फ काव्या थापा र पुरुषतर्फ सविन ढुंगेल उत्कृष्ट खेलाडी घोषित भएका छन्।

सिद्धार्थ माविको प्राङ्गणमा सम्पन्न प्रतियोगितामा उत्कृष्ट बन्न सफल दुबै खेलाडीले ट्रफी प्राप्त गरेका छन्। महिलातर्फको २८ देखि ३२ केजी तौल समूहमा सुस्मिता दहाल प्रथम, सन्ना गुरुङ द्वितीय र समृद्धि आले मगर तृतीय भएकी छिन्। ४० देखि ४५ केजी तौल समूहमा काव्या थापा प्रथम र विनिशा लामा द्वितीय भएका छन्। ५० देखि ५५ केजी तौल समूहबाट सीमा थापा प्रथम र नीतिका तिमल्सिना द्वितीय भएकी छिन्।

पुरुरुषतर्फको २४ केजीभन्दा कम तौल समूहबाट सविन ढुंगेल प्रथम, सुहन गुरुङ द्वितीय, शिवा घुटघुट र आरम माझी तृतीय भएका छन्। २४ देखि २८ केजी तौल समूहबाट प्रन्य डंगोल प्रथम, प्रिन्स फुयाल द्वितीय र सञ्जयराज ढकाल तृतीय भएका छन्। २८ देखि ३२ केजी तौल समूहबाट अनुप थामी प्रथम, कौशल ढकाल द्वितीय र विशिष्ट बर्तौला तृतीय भएका छन्।

३२ केजी ३४ केजी तौल समूहबाट विनिश श्रेष्ठ प्रथम, निकेश सहनी द्वितीय, वाङचुङ मोक्तान र सुशान्त लामा तृतीय भएका छन्। ३४ देखि ३८ केजी तौल समूहबाट समीर गोले प्रथम, क्रिमेश क्षेत्री द्वितीय समर्पणमान श्रेष्ठ तृतीय भएका छन्। ४० देखि ४५ केजी तौल समूहमा आयुष घलान प्रथम, दीलिप सहनी द्वितीय र हनी डंगोल तृतीय भएका छन्। ५० देखि ५४ केजी तौल समूहमा कृतेश क्षेत्री प्रथम र रिदम तिमल्सिना द्वितीय भएका छन्।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने खेलाडीहरुले क्रमशः स्वर्ण, रजत र कास्य पदकसहित प्रमाणपत्र प्राप्त गरेका छन्। हेटौंडा उपमहानगरपालिका वडा-२ का सदस्य सुरज बर्तौलाको प्रमुख आतिथ्य तथा सिद्धार्थ माध्यमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम घिमिरेको सभाध्यक्षमा पुरस्कार वितरण भएको हो। पुरस्कार वितरण कार्यक्रममा जिल्ला तेक्वान्दो कार्यसमितिका अध्यक्ष लालकाजीरत्न बज्राचार्य, सिद्धार्थ माविका प्रधानाध्यापक मोहनप्रसाद शर्मा, तेक्वान्दो प्रशिक्षक तथा डोजाङ प्रमुख निरुकुमारी मगरलगायतको उपस्थिति रहेको थियो।

प्रतियोगिताको समापन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै वडा सदस्य बर्तौलाले प्रविधिले फड्को मारिरहेको समयमा सबैले मोबाइलको बढी मात्रामा प्रयोग गर्ने समयलाई मध्यनजर गर्दै खेलाडीहरुको रुचिको अभिवृद्धि गर्नका लागि प्रतियोगिताको आयोजना गरेकोमा खुशी व्यक्त गर्नुभयो।

## बालजागृति युवावर्षको अध्यक्षमा पुनः तिमल्सिना

समाज संवाददाता

हेटौंडाः हेटौंडा-६, गौरीटारमा रहेको बालजागृति युवावर्ष माध्यमिक विद्यालयको व्यवस्थापन समिति अध्यक्षमा पुनः कुमार तिमल्सिना चयन हुनुभएको छ। शुक्रबार विद्यालय व्यवस्थापन समितिको निर्णयबाट अध्यक्षमा तिमल्सिना चयन हुनुभएको प्रधानाध्यापक सम्झना अधिकारीले जानकारी दिनुभयो। तिमल्सिना दोस्रो कार्यकालका लागि अध्यक्षमा चयन हुनुभएको हो। कक्षा १० सम्म पठनपाठन हुने विद्यालयमा हाल २ सय ५० जना विद्यार्थी अध्ययनरत रहेका छन्।

## चैत मसान्तभित्र विद्यालयमा पुस्तक पुग्छः जनक शिक्षा

काठमाडौंः जनक शिक्षा सामग्री केन्द्रले आगामी चैत मसान्तभित्र बालबालिकाको पाठ्यपुस्तक विद्यालयमा पुऱ्याइसक्ने जनाएको छ। कक्षा ५ देखि १० कक्षासम्मको पुस्तक प्रकाशन गरिरहेको जनक शिक्षाले धमाधम छपाईको काम गरिरहेको छ।

कक्षा ५ देखि १० कक्षासम्मको लागि आवश्यक एक करोड ४७ लाख सेट पुस्तकमध्ये करिब २५ लाखमात्रै छपाई गर्न बाँकी रहेको केन्द्रले जनाएको छ। छपाई गर्न बाँकी रहेको पाठ्यपुस्तक १० चैतभित्र सक्ने र १० गतेबाटै प्रदेश बिक्री केन्द्रबाट बिक्री वितरण सुरु गर्ने तयारी भइरहेको केन्द्रका प्रबन्ध निर्देशक अनिलकुमार झाले जानकारी दिनुभयो।

'छपाईको काम १० चैतभित्र सक्नेगरी काम गरिरहेका छौं र सोही दिनबाट हाम्रो बिक्री केन्द्रबाट बिक्री वितरण सुरू गर्ने तयारी छ', उहाँले भन्नुभयो- 'चैत मसान्तभित्र विद्यालयमा पुस्तक पुग्छ र भर्नासँगै विद्यार्थीले किताब पाउँछन्।' जनक शिक्षाको पाठ्यक्रम विकास केन्द्रबाहेक ८ वटा प्रादेशिक बिक्री केन्द्र र एक हजार २५० वितरण केन्द्रहरु रहेको छ। दैनिक दुई लाख पुस्तक छपाई क्षमता रहेको केन्द्रले दैनिक एक लाख पुस्तक छपाईको काम भइरहेको जानकारी दिएको छ। केन्द्रले यसवर्ष दुईवटा बाइन्डिङ मेसिन थप गरेकाले काम छिटो भइरहेको केन्द्रको भनाइ छ।

*(स्रोतः अनलाइनखबर)*

## '२०८३ चैतभित्रै फास्ट ट्र्याकको काम सकिन्छ'

समाज संवाददाता

हेटौंडाः आगोले पोलेर घाइते भएकी मकवानपुरको भीमफेदी गाउँपालिका-६, तारगाउँकी पार्वती रम्तेलको मृत्यु भएको छ। गत शुक्रबार बिहान साढे ७ बजेको समयमा घरमै आगो ताप्ने क्रममा आगोले पोलेर पार्वतीको दुबै खुट्टा, पेटमा गम्भीर चोट लागेको थियो।

शुक्रबार नै हेटौंडा अस्पतालमा प्राथमिक उपचारपछि पार्वतीलाई थप उपचारका लागि काठमाडौं जिल्लाको कीर्तिपुरस्थित बर्न अस्पतालमा पठाइएको थियो। बर्न अस्पतालमै उपचारको क्रमममा बुधबार राती ९ बजेको समयमा पार्वतीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community

## चर्च ब्वाइज र रोयल वेस्टर्नसबिच सम्झौता

समाज संवाददाता

हेटौंडाः नेपालको शहीद स्मारक 'ए' डिभिजन लिग च्याम्पियन क्लब चर्च ब्वाइज युनाइटेड एफसी र अस्ट्रेलियामा नेपालीले सञ्चालन गरेको रोयल वेस्टर्नस क्लबबीच सम्झौता भएको छ। दुई क्लबबीच छोटो अवधिका लागि खेलाडी, प्रशिक्षक तथा प्रविधि आदानप्रदान गर्ने विषयमा सम्झौता भएको शुक्रबार आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको हो।

सम्झौतापत्रममा चर्च ब्वाइज युनाइटेडका अध्यक्ष टंकलाल राई र रोयल वेस्टर्नस क्लबका अध्यक्ष रोशन दाहालले हस्ताक्षर गर्नुभएको छ। सम्झौता कार्यक्रममा नेपाली राष्ट्रिय फुटबल टोलीका व्यवस्थापक उत्तम भण्डारीको प्रमुख आतिथ्य रहेको थियो। भण्डारीले सम्झौताले नेपाली फुटबल खेलाडीको पलायनलाई रोक्न सहयोग पुग्ने बताउनुभयो। सम्झौतापछि दुबै क्लबले एक-आपसमा प्रक्रिया मिलाएर खेलाडी आदानप्रदान गर्ने र यसले नेपालको फुटबल विकासमा सहयोग पुग्ने विश्वास गरेको बताइएको छ।

यसअघि हेटौंडा-२ घर भई हाल अष्ट्रेलिया रोयल वेस्टर्नस क्लबका अध्यक्ष रहनुभएका रोशन दाहालले मकवानपुरको विद्यालयस्तरीय फुटबल प्रतियोगिताका लागि वार्षिक एक लाख रुपैयाँका दरले ५ वर्षका लागि सहयोग गर्ने घोषणासमेत गर्नुभएको छ। अध्यक्ष दाहालले आफ्ना बुबा स्व. कृष्णप्रसाद दाहालको स्मृतिमा सहयोग गर्नुभएको थियो। अस्ट्रेलियामा रहेर पनि दाहालले खेल क्षेत्रमा योगदान पुऱ्याउँदै आउनुभएको हो।

## हेटौंडा खुला राष्ट्रिय पुरुष रनमा काठमाडौंका पाल प्रथम

समाज संवाददाता

हेटौंडाः हेटौंडामा भएको प्रथम हेटौंडा खुला राष्ट्रिय पुरुष रन प्रतियोगितामा काठमाडौंका मुकेश पाल प्रथम भएका छन्। ५ किलोमिटर दौडेर ९२ जना प्रतियोगीहरुलाई पछि पार्दै शुक्रबार भएको प्रतियोगितामा पल प्रथम भएका हुन्।

नगर खेलकुद विकास समितिको आयोजना तथा हेटौंडा उपमहानगर पालिकाको आर्थिक सहयोगमा हेटौंडाको बुद्धचोकबाट सुरु भएको हेटौंडा रन प्रतियोगितामा १५ मिनेट २२ सेकेन्ड ३३ पल्समा ५ किलोमिटर दौड पूरा गर्दै काठमाडौंका पाल प्रथम भएका हुन्। यस्तै, जुम्लाका दुर्गाबहादुर बुढाले १५ मिनेट ४५ सेकेन्डमा दौड पूरा गर्दै द्वितीय भएका छन् भने काठमाडौंका सञ्जे कार्की तृतीय भएका छन्। टंक कार्की र नागेश्वरी ऐरी सान्त्वना भएका छन्।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वनाले क्रमशः ६० हजार रुपैयाँ, ५० हजार रुपैयाँ, ४० हजार रुपैयाँ र १०-१० हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेका छन्। प्रतियोगितामा हेटौंडाभित्र र बाहिरी जिल्लाबाट १६ वर्षभन्दा बढी उमेर समूहका प्रतियोगीहरुको सहभागिता रहेको थियो।

नगर खेलकुद विकास समितिका अध्यक्ष रवीन्द्रप्रसाद घिमिरेको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा पुरस्कार वितरण भएको हो। पुरस्कार वितरण कार्यक्रममा नगर उपप्रमुख राजेश बानियाँ, प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाईं, जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी झरेन्द्रप्रसाद चापागाईं र वरिष्ठ पत्रकार प्रताप विष्टको पनि उपस्थिति रहेको थियो।

हेटौंडा बजारको बुद्धचोकबाट सुरु भएको प्रतियोगिता ५ किलोमिटर दौड पूरा गरेर बुद्धचोकमै समापन भएको थियो।

## श्रमिकका विद्यार्थीले गरे गढीको अवलोकन



समाज संवाददाता

हेटौंडाः हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयका विद्यार्थीले मकवानपुरगढीको अवलोकन भ्रमण गरेका छन्। विद्यालयको वार्षिक कार्ययोजनाअनुसार शुक्रबार मकवानपुरगढी गाउँपालिका वडा नम्बर २ मा रहेको गढी दरबार क्षेत्र र वडा नम्बर १ मा रहेको ढुंगेगढीको अवलोकन भ्रमण भएको हो।

विद्यालयको कक्षा ६ देखि ९ सम्मका विद्यार्थीले मकवानपुरगढी दरबार, ढुंगेगढी र सालक पार्कको अवलोकन भ्रमण गरेको विद्यालयका अतिरिक्त क्रियाकलाप संयोजक शिक्षक सृजना पौडेलले जानकारी दिनुभयो। सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षाको परियोजना कार्यसमेत गराउने उद्देश्यले विद्यार्थीलाई अवलोकन भ्रमणमा लगिएको उहाँले बताउनुभयो।

भ्रमणका क्रममा विद्यार्थीहरुले मकवानपुरगढी दरबार क्षेत्र र त्यहाँ रहेका ऐतिहासिक सम्पदाको अवलोकन गरेका छन्। विद्यार्थीले मकवानपुरगढीमा रहेका वंशगोपाल मन्दिर, जिर्णोद्वार भइरहेको दरबार, भग्नावशेषको रुपमा रहेको दरबार, विजय स्मारक पार्क, एकदन्ता हात्ती र किल्लाको अवलोकन गरी जानकारी हासिल गरेको विद्यालयको सामाजिक अध्ययन विषय शिक्षक सुरेशकुमार महतोले बताउनुभयो।

विद्यालयले गत शुक्रबार कक्षा एकदेखि ५ सम्मका विद्यार्थीलाई अवलोकन भ्रमणमा लगेको थियो। कक्षा १ देखि ३ सम्मका विद्यार्थीले हेटौंडा-११ स्थित शहीद स्मारकको अवलोकन भ्रमण गरेका थिए। यस्तै, कक्षा ४ र ५ का विद्यार्थीले हेटौंडा-९ स्थित कुष्माण्ड सरोवर (त्रिवेणी धाम) र हेटौंडा-१३ स्थित वनस्पति उद्यानको अवलोकन गरेका थिए।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ